# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : २० प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना:**

विभिन्न कारणले आर्थिक अभाव भएर गाउँपालिकामा आउँनु हुने विपन्न नागरिकका लागि औषधी उपचार, उद्धार, संरक्षण, मनोसामाजिक विमर्श ,सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना कार्यत्रलमहरुमा आर्थिक सहयोग गरि खर्च गर्नु पर्ने वाञ्छनिय भएकाले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) बमोजिम कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "विपन्न नागरिकलाई आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९" रहनेछ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँकार्यपालिका सम्झनुपर्दछ।

(ख) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्षलाई जनाउछ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत " भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

## परिच्छेद २

## उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः**

(१) विपन्न नागरिकको आर्थिक सहायताद्धारा औषधी उपचार, उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुर्नमिलन, पुनर्स्थापना गरी सहयोग पुर्‍याउने।

(२) विपन्न नागरिक प्रति उत्तरदायि स्थानीय सरकार भन्ने कुराको महशुस गराउँने।

(३) तत्कालिन असहज अवस्था र परिस्थितिलाई बुझेर आर्थिक सहायता मार्फत जनताको सेवा गर्ने।

(४) जनताको जीवनको रक्षा गर्नु।

## परिच्छेद ३

## खर्च र लेखापरीक्षणः

**४. खर्च र लेखापरीक्षणः**

(१) सम्बन्धित वडा कार्यालयको विपन्नता र बिरामी भएको खुलेको सिफारिस सहित गाउँपालिकाको अध्यक्ष समक्ष प्राप्त भएका निवेदन, र प्रमाणका आधारमा

ताँजाकोट गाउँपालिकाकाको गाउँसभा र कार्यपालिकाले दिएको अधिकार प्रयोग गरी रु ५,०००/- अक्षरुपी (पाँच हजार रुपैयाँ) सम्मको आर्थिक सहयोग गाउँपालिकाको अध्यक्षको तोक आदेश अनुसार प्रमुख प्रशासकीय अधिकृतले आर्थिक सहायता प्रदान गर्ने ।

(२) गाउँपालिकाको अध्यक्ष समक्ष वडा कार्यालयको सिफारिस, सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्र सहितको निवेदन दिएमा रु. ५,०००/- (अक्षरुपी पाँच हजार) भन्दा माथिको रकम आर्थिक सहायता गर्नु परेमा ताँजाकोट गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बमोजिम खर्च गर्ने ।

(३) उपदफा (१) र (२) बमोजिम भएको आर्थिक सहायता खर्च गाउँसभाबाट अनुमोदन गराउँने ।

(४) नियम अनुसार लेखा परीक्षण गराउनु पर्नेछ ।

(५) कार्यविधि बनाउनु अगाडि नै विपन्न नागरिकलाई आर्थिक सहायताका लागि खर्च भएको रकम यसै कार्यविधि अनुसार खर्च भएको मानिनेछ ।

## परिच्छेद ४
## आर्थिक सहायता वितरणको मापदण्ड

**५. आर्थिक सहायता वितरणः**

(क) आर्थिक विपन्नता भएको व्यक्तिलाई आवश्यक कागजातका आधारमा रु. ५०००/- देखि १००००/- सम्म

(ख) क्यान्सर, मुटुरोग, प्यारालाइसिस, अल्जाइमर, हेड इन्जुरी, मृगौला रोग भएका व्यक्तिलाई आवश्यक कागजातका आधारमा रु. २००००/- देखि रु. २५०००/- सम्म

(ग) फोक्सो सम्बन्धि रोग, एपेन्डिसाइटिस, मधुमेह आदि रोग भएका व्यक्तिलाई आवश्यक कागजातका आधारमा रु. १५०००/- देखि रु २००००/- सम्म

(घ) दुर्घटनामा परी अंगभंग भई घाइते भएका व्यक्तिलाई रु. १५०००/- देखि रु. २००००/- आवश्यक कागजातका आधार

माथी उल्लेखित रकम लाभग्राहीले आवश्यक प्रमाण सहित गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ र निवेदन प्राप्त भएपछि अध्यक्षले गाउँ कार्यपालिका वा गाउँसभा समक्ष

पेश गर्न भनि प्रमुख प्रशासकीय अधिकृत समक्ष तोक आदेश गर्नुपर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले निर्णयार्थ कार्यपालिकि वा सभा समक्ष पेश गर्नु पर्ने र सभा वा कार्यपालिकाबाट निर्णय पारित भएपछि प्रमुख प्रशासकीय अधिकृतले निर्णय कार्यान्वयन गर्नुपर्ने छ।

**परिच्छेद-६**

**विविध**

६. **विविधः**

विपन्न नागरिकलाई आर्थिक सहायत गर्दा आएका बाधा अवरोधहरु ताँजाकोट गाउँपालिकाको कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत